ISSN: 2961-1989
Academia Research Journal (ARJ)
Volume: 2 Issue: 1 Year: 2023
*************************************

# 'अपूर्णता' कथामा नारीचेतना

प्रदीपप्रसाद ज्ञवाली[1]

## Women's Consciousness in the Story 'Apurnata'

Pradeep Prasad Gyawali

[1]Assistant Professor, Deparement of Nepali, Tribhuvan University, Butwal Multiple Campus, Butwal
[1]Corresponding Author: gyawalipradip98@gmail.com
Article History: Received: Nov. 23, 2022 Revised: Jan. 5, 2023 Received: Jan 21, 2023

**लेखसार**

अपूर्णता जलेश्वरी श्रेष्ठद्वारा रचिएको कथा हो । प्रस्तुत अनुसन्धानात्मक लेखमा यस कथालाई पाठका रुपमा लिई नारीवादका विभिन्न शाखाहरू मध्ये उदार नारीवादलाई आधार बनाएर विश्लेषण र मूल्याङ्कन गरी उक्त कथामा रहेको अर्थ निर्क्योल गरिएको छ । यस कथामा रहेका नारीचेतना सम्बन्धी विभिन्न पक्षहरू पहिल्याउनु यस अध्ययनको मुख्य उद्देश्य रहेको छ । यसमा नारीवादसँग सम्बन्धित लैङ्गिक विभेदसम्बन्धी चेतना, शोषण र दमनसम्बन्धी चेतना, यौनशोषण र महिला हिंसासम्बन्धी चेतना नारी अस्तित्व र पहिचानसम्बन्धी चेतना र वर्गीय विभेद सम्बन्धी चेतनालाई सैद्धान्तिक ढाँचाका रुपमा अवलम्बन गरी पाठगत विश्लेषण गरिएको छ । यस कथामा पितृसत्ताका कारणले पुरुषलाई स्वतन्त्र ढङ्गले हिँडडुल गर्न, खान, पिउन र मोजमस्ती गर्नसमेत छुट दिएको तर महिलाले भने पाइला पाइलामा सचेत हुन परेको, घरमा थुनिएर बस्न परेको साथै धार्मिक मान्यताका आडमा पितृसत्ताले पुरुषलाई बहुविवाह गर्न उक्साएर महिलामाथि विभेद गरेको र छोरा हुनै पर्छ नभए अगति परिन्छ भनेर छोरा र छोरीप्रति विभेदको भावना जन्माएको, पुरुषले घरभित्रका काममा ध्यान दिन नपर्ने तर महिलाले भने घरभित्रका काम र बच्चा जन्माउने, तिनको स्याहार सुसार गर्न पर्ने भएकाले महिला पछाडि पर्न परेको यथार्थलाई पनि प्रस्तुत गरी यस किसिमका विभेदहरूको अन्त्य गर्नपर्ने कुरा व्यक्त गरिएको छ । यस कथाले लैङ्गिक आधारमा हुने दमनका विरुद्ध सङ्घर्ष गर्नुपर्छ भन्ने चेतना जागृत गरेको पाइन्छ । यस कथामा नारीको अस्तित्व र पहिचानलाई समाप्त पार्न खोज्ने पुरुष र यसको रक्षाका लागि प्रयत्नशील नारीको सङ्घर्षलाई प्रस्तुत गरिएको छ । यसमा महिलालाई सधै भोगको साधन र बच्चा जन्माउने कारखाना बनाएर राख्नु हुदैन भन्ने विचार पनि अभिव्यक्त भएको पाइन्छ । यहाँ विपन्न नारीहरू गरिब भएको हुनाले दोहोरो दमनमा परेको यथार्थलाई प्रस्तुत गरी यस्तो विभेद र अपमानलाई सहेर नबसी कानुनी उपचारका माध्ययमबाट दण्डित गर्नुपर्छ भन्ने चेतना जागृत भएको पाइन्छ ।

*शब्दकुञ्जी:* दमन, पितृसत्ता, यौनशोषण, विभेद, हिंसा ।

## Abstract

'Apurnata' is a story written by Jaleshwari Shrestha. In the presented research article, taking this story as a lesson, the meaning of the story has been analyzed and evaluated based on liberal feminism among the various branches of feminism. The main objective of this study is to find out the various aspects related to women's consciousness in this story. In this, awareness of gender discrimination related to feminism, awareness of exploitation and oppression, awareness of sexual exploitation and violence against women, awareness of women's existence and identity and awareness of class discrimination have been analyzed as a theoretical framework. In this story, due to patriarchy, men are allowed to move freely, eat, drink and have fun, but women have to be aware step by step, they have to stay locked up at home, and under the guise of religious beliefs, patriarchy discriminates against women by inciting men to polygamy, and if they want to have a son, they are threatened. It has been expressed that men who have created a feeling of discrimination towards sons and daughters should not pay attention to domestic work, but women have to do domestic work and bear children and take care of them. This story has awakened awareness that we should fight against oppression based on gender. In this story, the

struggle of a man trying to end the existence and identity of a woman and a woman trying to protect it is presented. It also expresses the idea that women should not be kept as a means of enjoyment and a factory for giving birth to children. Here, because the poor women are poor, the reality of double oppression has been presented and the consciousness has been awakened that they should not tolerate such discrimination and humiliation and should be punished through legal remedies.

*Keywords:* suppression, patriarchy, sexual exploitation, discrimination, violence

## विषयपरिचय

*अपूर्णता* कथाका लेखक जलेश्वरी श्रेष्ठ (२००३) हुन् । उनका ***लाभाका वाफहरू*** (२०५८), ***मौन विद्रोह*** (२०६१) र ***फूल फुलाउने गमला*** (२०७५) गरी तीन ओटा कथासङ्ग्रहरू प्रकाशित छन् । उनी वि.स. २०५७ सालको गोरखापत्रमा भगवती कथा प्रकाशित गरेर कथालेखनका क्षेत्रमा प्रवेश गरेकी हुन् । उनी मूलतः यथार्थपरक र नारीअस्तित्त्वका कथा लेख्ने कथाकार हुन् । समाजमा नारीमाथि हुने विभिन्न खालका शोषण र विभेदका विरुद्ध आवाज उठाउँनु, नारीलाई हेर्ने सोचका विरुद्ध विद्रोह गरी आधुनिक सोचको स्थापना गर्नु, पितृसत्तात्मक सामन्ती परम्पराको विरोध गर्दै मातृत्व र नारीअस्तित्व चेतनाको स्थापनामा जोड दिनु, युगीन सामाजिक, राजनीतिक समस्याको चित्रण गरी नारीलाई हेयले हेर्ने दृष्टिकोणप्रति व्यङ्ग्य गर्नु तथा सरल भाषाको प्रयोग गरी कथा लेख्नु उनको कथा लेखनका विशेषताहरू हुन् । यो कथा ***फूल फुलाउने गमला*** कथासङ्ग्रहमा सङ्गृहीत छ ।

यो नारीवादी कथा हो । यस कथामा प्रखर रूपमा नारीचेतना प्रस्तुत भएको पाइन्छ । यस कथाको विभिन्न कोणबाट अध्ययन र विश्लेषण गर्न सकिन्छ । हालसम्म यस कथामा नारीचेतनामा केन्द्रित रहेर कुनै पनि अध्ययन अनुसन्धान गरेको देखिन्न । अत : यस अध्ययनमा सांस्कृतिक अध्ययनअन्तर्गत पर्ने लैङ्गिक अध्ययनको केन्द्रीय सिद्धान्तका रूपमा रहेको उदार नारीवादी मान्यतालाई मूलभूत आधार बनाएर यस कथाको विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

### अध्ययनको उद्देश्य

हरेक अध्ययनका आ-आफ्नै समस्याहरू र उद्देश्यहरू रहेका हुन्छन् । यस अध्ययनको पनि निश्चित समस्या र उद्देश्य रहेको छ । *अपूर्णता* कथामा के कस्ता नारी चेतनाहरू रहेका छन् भन्ने मूल समस्यामा केन्द्रित रहेर यस कथामा पाइने नारीचेतना पहिल्याउनु नै यस अध्ययनको मुख्य उद्देश्य हो ।

## अध्ययनविधि

प्रस्तुत अध्ययनको विषय गुणात्मक ढाँचामा आधारित रहेको छ । निर्धारित उद्देश्य पूरा गर्नका निम्ति आवश्यक सामग्री प्राथमिक र द्वितीयक स्रोतबाट लिइएको छ । प्राथमिक स्रोतको सामग्रीका रूपमा अपूर्णता कथा लिइएको छ भने द्वितीयक स्रोतको सामग्रीका रूपमा उक्त कथाका बारेमा गरिएका विभिन्न अध्ययन तथा समीक्षा एवम् नारीवादी सिद्धान्तका बारेमा गरिएका अध्ययन सामग्रीहरूलाई लिइएको छ । यसमा दुवै प्रकृतिका सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । सङ्कलित सामग्रीहरूको विश्लेषण गरी निष्कर्ष निकाल्ने क्रममा व्याख्यात्मक एवम् वर्णनात्मक पद्धति अवलम्बन गरिएको छ साथै उपर्युक्त सामग्रीहरूको समुचित प्रयोग गरी यस कथामा रहेको नारीवादी चेतनालाई उद्घाटन गर्न विश्लेषणको एउटा सैद्धान्तिक ढाँचा तयार पारी निगमन विधिबाट सामग्रीको अर्थापन गरिएको छ ।

### सैद्धान्तिक ढाँचा

सांस्कृतिक अध्ययनअन्तर्गत पर्ने लैङ्गिक अध्ययनको केन्द्रीय सिद्धान्तका रूपमा रहेको नारीवादी सचेतना नै नारीचेतना हो । यो समास भएर बनको शब्द हो । नारीको चेतनाबाट नारीचेतना भन्ने शब्दको निर्माण भएको हो । नेपाली बृहत् शब्दकोशका अनुसार नारी शब्दले स्त्री, महिला वा आइमाईलाई बुझाउँछ भने चेतना भन्ने शब्दले प्राणीमा रहने भित्री ज्ञान, सत्–असत् छुट्टयाउन सक्ने बुद्धि वा विवेक आदिलाई बुझाउँछ । प्राकृतिक रूपमा निर्धारित मानिसको लिङ्ग पहिचानलाई आधार मानेर सामाजिक तथा सांस्कृतिक परम्पराको निर्माण गरी त्यस अनुसार गरिएको विभेदकारी कियाकलापप्रति असहमति जनाई लैङ्गिक समानता र स्वतन्त्रताका पक्षमा जागृत ज्ञान वा विचारलाई नै नारी चेतना भनिन्छ (अर्याल, २०७६ पृ.४४) । यसको मुख्य उद्देश्य प्राकृतिक रूपमा समान भएर पनि सामाजिक रूपमा पुरुषलाई श्रेष्ठ र नारीलाई कमजोर दृष्टिले हेर्ने परिपाटीको अन्त्य गर्नु हो । यस दृष्टिकोणको विकासको सन्दर्भलाई बुझ्न नारीवादसम्म पुग्नुपर्ने हुन्छ ।

लैङ्गिक अध्ययनको केन्द्रीय सिद्धान्तका रूपमा रहेको नारीवाद शब्दको प्रथम प्रयोग फ्रान्समा सन् १८७१ मा पुरुषको स्वास्थ्य परीक्षण गर्दा पुरुषमा नारीगुण पाएपछि त्यसलाई बुझाउन प्रयोग गरिएको शब्द हो । महिला आनदोलनमा यसको प्रयोग सन् १८९० मा भएको पाइन्छ । यसको अर्थ पितृसत्ताको निश्चिन्तता भङ्ग गर्ने, लैङ्गिक समानतामा विश्वास गर्ने, परिवर्तनशील समाजबाट लैङ्गिक दमन हटाउने रहेको छ । यसले वैचारिक आनदोलनको स्वरूप चाहिँ सन् १९६० मा प्राप्त गरेको हो । नारीवाद विचार दर्शन र राजनीति हो । यसले महिलालाई महिलाकै कोणबाट हेर्छ र संसारभरि नै महिलालाई पुरुषका तुलनामा कमजोर बनाइएको छ भन्ने धारणा राख्छ (भट्टराई, २०७८ पृ.१२२) । यसले समाजमा अधिकारबाट बञ्चित महिलाका पक्षमा आवाज उठाउँछ । नारीका कोणबाट बुझ्ने र उनीहरूलाई सामाजिक, सांस्कृतिक, धार्मिक, बौद्धिक आदि विषयमा आत्मनिर्भर बनाई पुरुष एकाधिकारलाई भत्काउने आन्दोलन नै नारीवाद हो (एटम, २०७० पृ.१६७) । यो पितृसत्ताको दमन र शोषणका विरुद्ध आएको सङ्गठित र वैचारिक आन्दोलन हो । यो पितृसत्ताका विरुद्ध प्रारम्भ भई त्यसैको उच्छेदका निम्ति समर्पित छ (शर्मा, २०७० पृ.२३८) । १५औं शताब्दीदेखि १९औं शताब्दीसम्म जागरण, आन्दोलन हुँदै एउटा सिद्धान्तका रूपमा स्थापित भएको नारीचिन्तन महिलाका हकहित सम्बन्धी हरेक आन्दोलनलाई समेट्ने छाता नामको रूपमा स्थापित भएको दखिन्छ ।

नारीवाद पितृसत्ता, लैङ्गिक उत्पीडन र दमनको अध्ययन गर्ने सिद्धान्त पनि हो । यसको एउटै रूप र एउटै परिभाषा पाइन्न । मूलतः नारीवादका उदार नारीवाद, उग्र नारीवाद, मार्क्सवादी नारीवाद र समाजवादी नारीवाद आदि शाखा देखिन्छन् र ती मूलधाराअन्तर्गत पर्दछन् (त्रिपाठी, २०६८ पृ.२१५) । नारीवादका धाराहरू मध्ये उग्रनारीवाद विशवमा सबैभन्दा परिचित धारा हो । बाकर्र (सन् २०००) का अनुसार उदार नारीवादले पुरुष र महिला बिचको विभेदको मुख्य कारण सामाजिक, आर्थिक र सांस्कृतिक संरचना नै हो भन्ने मान्यता राख्छ । यो प्रारम्भिक चरणमा सुरु भएको नारीवादी अभियान हो । यसले महिला सम्बन्धी सुधारका कार्यमा बढी जोड दिएको छ (भट्टराई, २०७८ पृ.१२५ मा उद्धृत ) । उग्र नारीवादलाई आमूल नारीवाद वा क्रान्तिकारी नारीवादका रूपमा पनि लिने गरिन्छ । यसले समाजमा रहेको नारी उत्पीडनलाई समूल नष्ट गर्नुपर्छ भन्ने दृष्टिकोण अगाडि सारेको छ । नारी सबैभन्दा बढी घरभित्रै लैङ्गिक विभेदमा पर्नुको प्रमुख कारण नारी र पुरुष बिचको वैवाहिक सम्बन्ध हो त्यसैले यसले विपरीत लिङ्गीका बिचको वैवाहिक सम्बन्धलाई खारेज गरेर महिला-महिलाका बिचमै वैवाहिक सम्बन्ध कायम गर्नपर्छ भन्ने समलैङ्गिक नारीवादी सिद्धान्त अगि सारेको छ (त्रिपाठी, २०६८ पृ.२१७) । यसले सामाजिक परिवर्तनका सन्दर्भमा यस्तो उग्र विचार राखेको हुनाले यसलाई उग्र नारीवाद वा आमूल नारीवाद भनिएको हो । समाजवादी नारीवादले नारी माथिको शोषण र उत्पीडनलाई आर्थिक आधारसँग जोडेर हेरेको पाइन्छ । यसले मार्क्सवादी नारीवादको वर्ग दमन र उदार नारीवादको लैङ्गिक दमनलाई एकसाथ राखेर हेर्दछ (भट्टराई, २०७८ पृ.१२६) । यसले आमूल नारीवाद र मार्क्सवादी नारीवादबाट प्रभाव ग्रहण गरेको देखिन्छ । मार्क्सवादी नारीवाद नारीवादी धाराहरू मध्ये एउटा महत्त्वपूर्ण धारा हो । मार्क्सवाद समाज विश्लेषणको दरो आधार भएकाले यसले मार्क्सवादबाट महिलाको आर्थिक शोषणको ऐतिहासिक सन्दर्भलाई व्याख्या गर्ने विश्लेषणको आधार ग्रहण गरेको छ । मार्क्सवादी नारीवादले ऐतिहासिक भौतिकवादी दृष्टिकोणका आधारमा समाजमा रहेको वर्गीय एवम् लैङ्गिक विभेदलाई हटाउनका निम्ति समाजको जरैदेखि परिवर्तन गर्नु आवश्यक छ भन्ने मान्यता राख्छ ।

यसरी नारीवाद सम्बन्धी उपर्युक्त मान्यताहरूलाई आत्मसात गरी पुरुषलाई पहिलो दर्जामा राख्ने र नारीलाई दोस्रो दर्जामा राख्ने परिपाटीका विरुद्ध मताधिकार, सम्पत्तिमाथि समान हक, नारी अस्तित्वको रक्षा, हरेक क्षेत्रमा समान अवसर र सहभागिता, सबै किसिमका शोषणको अन्त्य जस्ता कुराहरूमा जागृत विचार नै नारीवादी चेतना हो । अतः यस अध्ययनमा नारीवादका विभिन्न शाखाहरू मध्ये उदार नारीवाद सम्बन्धी यिनै मान्यताहरूलाई प्रतिबिम्बित गर्ने लैङ्गिक विभेदसम्बन्धी चेतना, शोषण र दमनसम्बन्धी चेतना, नारी अस्तित्व र पहिचानसम्बन्धी चेतना, यौन शोषण र महिला हिंसासम्बन्धी चेतना,वर्गीय विभेदसम्बन्धी चेतनालाई मुख्य आधार बनाएर *अपूर्णता* कथाको विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

## 'अपूर्णता' कथाको विश्लेषण

### पृष्ठभूमि

*अपूर्णता* नारी चेतना जागृत गर्ने आधुनिक कथा हो । यहाँ नारीवादसम्बन्धी मान्यताहरूलाईृ प्रतिबिम्बित गर्ने निम्न लिखित पाँच ओटा बुँदाहरूलाई आधार बनाएर यस कथाको अध्ययन गरिएको छ :

### लैङ्गिक विभेदसम्बन्धी चेतना

समाजमा नारी र पुरुषलाई हेर्ने दृष्टिकोणमा भिन्नता देखिन्छ । विभेदित अवस्थामा भएको नारीको उपस्थितिले लैङ्गिक विभेदलाई जनाउँछ (प्रतीक्षा, २०७९ पृ.३३५) प्राकृतिक रूपमा भिन्नता भएपनि समाजिक र सांस्कृतिक रूपमा

भिन्नता नहुन पर्ने हो तर हाम्रो समाजमा सदियौँदेखि पुरुषलाई पहिलो दर्जाको नागरिक र महिलालाई दोस्रो दर्जाको नागरिकको रूपमा हेर्ने र त्यहीँअनुसारको व्यवहार गर्ने गरिन्छ । यसरी लिङ्ग पहिचानलाई आधार मानेर गरिने भिन्नतालाई नै लैङ्गिक विभेद भनिन्छ । समाजमा महिलालाई भेदभाव गर्ने सामाजिक मूल्य र मान्यता नै निर्माण गरिएको हुन्छ र त्यसलाई वैधानिकता प्रदान गरिएको हुन्छ । कार्य, आचरण, भूमिका ,पोसाक गुण र जिम्मेवारीबाट यस्ता भेदभाव थोपर्दै लगी एकअर्कालाई असमान व्यवहार गर्न थालिन्छ (भट्टराई, २०७८ पृ.१२६) । नारी र पुरुषका बिचमा गरिने यस खालको भिन्न भिन्नै व्यवहारले गर्दा समाजमा लैङ्गिक विभेदले जन्म लिन्छ । यो कुरा तलको कथांसमा यस कथाकी प्रमुख पात्र राधाले आफ्नो श्रीमान् अशोकलाई भनेको भनाइबाट बुझ्न सकिन्छ :

> “हुनलाई त आफ्नो कमाइले अहिले सम्म मलाई त्यस्तो केही ल्याइदिएको छैन । आफै कमायो, खायो, पियो र मोज मस्ती गऱ्यो अनि पैसा सकाएर आउँछ ।
>
> नापीमा जागिर छ । दुई दिन घर बसे छ दिन बाहिर कहिलकाहीँ त महिनौँ बाहिर जिल्लातिर बस्नुपर्ने हुन्छ ।” (पृ.३१)

उपर्युक्त प्रसङ्गमा राधाले आफ्नो श्रीमान् महिनौँ घरबाहिर बस्ने गरेको, कमाएको पैसा उडाउने गरेको र घरपरिवारप्रति गैरजिम्मेवार भए पनि उप्रति समाजले कुनै प्रश्न नगरेको कुराले हाम्रो समाज लैङ्गिक रूपमा विभेदकारी छ भन्ने कुरा स्पष्ट हुन्छ । त्यसैगरी यस कथामा राधाबाट सन्तान नभएपछि अशोकले उसलाई थाहै नदिई दास्रो विवाह गरेर हेटौँडामा राखी छोरो जन्मिएपछि मात्र प्रभालाई एक्कासी घरमा भित्राउन ल्याएको प्रसङ्ग निम्न लिखित छ :

> मैले यी प्रभासँग उतै हेटौँडातिर विवाह गरेँ ।
>
> आहो एकपल्ट पनि मसँग नसोधी यत्रो निर्णय लियौ ?...
>
> अँ तिमीसँग सोध्दा तिमीले कुनै पनि हालतमा स्वीकृति दिँदैनौ भन्ने लाग्यो । अनि के गर्ने त, सबैले मेरो पुरुषार्थमाथि प्रश्न चिन्ह लगाए । म कसरी नपुंसक जस्तै हिनताबोध पालेर बसूँ । हेटौँडामा सबैले मलाई अर्को बिहे गरेर भएपनि बच्चा जन्माउनै पर्छ नत्र छोरो भएन भने अगति परिन्छ भन्न थाले । मलाई पनि हो जस्तो लाग्न थाल्यो । (पृ.३२)

माथिको कथांशले लैङ्गिक विभेदको चरम नमूना प्रस्तुत गरी एकातिर पितृसत्तात्मक पुरुष अहङ्कारलाई स्पष्ट ढङ्गले पुष्टि गरेको छ भने अर्कातिर बच्चा भएन भने पुरुषार्थमाथि प्रश्न उठाउने र नपुंसक भन्ने तथा छोरा नभए अगति परिने जस्ता समाजका पछौटे चिन्तनलाई प्रस्तुत गरेको छ । यसबाट धार्मिक मान्यताका आडमा पितृसत्ताले पुरषलाई बहुविवाह गर्न उक्साएर महिलामाथि विभेद गरेको र छोरा हुनै पर्छ भनेर छोरा र छोरीप्रति विभेदको भावना जन्माएको कुरा स्पष्ट हुन्छ ।

यस कथाले कामका आधारमा पनि नारी र पुरुषका बिचमा विभेद हुने गरेको कुरा पनि उठान गरेको छ । जस्तै :

> पकाइरहेको भात उनीहरूलाई खुवाउन जागर चलेन । त्यहीँ बेला बच्चा रुन थाल्यो । सायद भोकले होला । आमाको दुध आएन होला । अशोकले त तातोतातो भात आफै पस्केर खायो । तिमीहरू पनि खाओ । म त थाकेको छु भनेर खाटमा पल्टियो । बच्चा ठुलो ठुलो स्वरमा रुन थाल्यो । आमा पनि रुन थाली । (पृ.३३)

उपर्युक्त कथांशमा पुरुषले थाकेको कारणले खाना खाएर आराम गर्ने अवसर पाउँछन् तर महिलाले त्यसो गर्न पाउँदैनन् बरु उनीहरूले त जतिसुकै थाके पनि बालबच्चाको स्याहार सुसार गर्नपर्ने, चुलोचौको, जुठोभाँडो नगरी सुख पाउँदैनन् भन्ने कुरालाई पुष्टि गरेको पाइन्छ ।

यसरी यस कथामा पितृसत्ताका कारणले पुरषलाई स्वतन्त्र ढङ्गले हिँडडुल गर्न, खान, पिउन र मोजमस्ती गर्नसमेत छुट दिएको तर महिलाले भने पाइला पाइलामा सचेत हुनपरेको, घरमा थुनिएर बस्न परेको साथै धार्मिक मान्यताका आडमा पितृसत्ताले पुरषलाई बहुविवाह गर्न उक्साएर महिलामाथि विभेद गरेको र छोरा हुनै पर्छ नभए अगति परिन्छ भनेर छोरा र छोरीप्रति विभेदको भावना जन्माएको कुरा स्पष्ट हुन्छ । त्यति मात्र होइन पुरुषले घरभित्रका काममा ध्यान दिन नपर्ने तर महिलाले भने घरभित्रका काम र बच्चा जन्माउने, तिनको स्याहार सुसार गर्न पर्ने भएकाले महिला पछाडि पर्न परेको यथार्थलाई पनि प्रस्तुत गरी यस किसिमका विभेदहरूको अन्त्य गर्नपर्ने कुरा व्यक्त गरिएको छ । यसबाट समाजमा भएको लैङ्गिक विभेदको अन्त्य गर्नपर्छ भन्ने विचार वा चेतना जागृत भएको पाइन्छ ।

**शोषण र दमनसम्बन्धी चेतना**

प्रभुत्वशाली व्यक्ति वा वर्गले आफ्ना अधीनमा रहेका निमुखा व्यक्ति वा वर्गबाट व्यक्तिगत वा वर्गगत स्वार्थ पूरा गर्न उठाइने अनुचित लाभलाई शोषण भनिन्छ भने शक्तिशाली व्यक्ति वा वर्गले कमजोरमाथि गर्ने थिचोमिचोलाई दमन भनिन्छ । लैङ्गिक दमन र शोषण दुवै राजनीतिक र आर्थिक अवधारणा हुन् । शोषणको आधार आर्थिक सम्बन्ध हो भने त्यसकै आधारमा दमनको अधिरचना तयार भएको हुन्छ (भट्टराई, २०७८ पृ.१३६) । दमन र शोषणका मुख्य स्रोत पितृसत्ता हो । पितृसत्ता भन्नाले पुरुषप्रधानता र सत्तामा पुरुषको हालीमुहाली भएको स्थितिलाई बुझिन्छ । पितृसत्ताले नारीलाई दोस्रो दर्जाको नागरिकको रूपमा व्यवहार गरेर राज्यका हरेक कानुनी तथा सामाजिक सांस्कृतिक मूल्य मान्यतालाई पुरुष अनुकूल बनाउने प्रयत्न गर्दछ (अर्याल, २०७६ पृ.५१-५२) । । शोषण र दमन वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक, धार्मिक, साम्प्रदायिक आदि आधारमा हुने गर्छ । *अपूर्णता* कथामा लैङ्गिक आधारमा भएको दमन सशक्त रूपमा आएको देखिन्छ । यहाँ शोषणभन्दा पनि दमन चाहिँ प्रखर रूपमा आएको पाइन्छ । यहाँ यस कथाको प्रमुख पात्र अशोकले प्रभालाई आफू खुशी विवाह गरेर छोरा समेत जन्मिइ सकेपछि अपहेलना गर्न थालेको, उसँगै बस्न मात्र होइन उसलाई श्रीमतीको रूपमा स्वीकार नगरी बच्चा जन्माउने मेसिनको रूपमा लिएको कुरा गरेको छ तर यस कुरालाई प्रभाले स्वीकार गरेकी छैन । उसले असहमति जनाई आफ्नो फुपूको छोरा विनोदलाई भन्दा विनोदसँग अशोकको विवाद भएको र त्यसपछि अशोकले प्रभामाथि कुटपिट गरेको घटनाले पुरुषले नारीलाई कति निर्मम तरिकाले दमन गर्दा रहेछन् भन्ने कुरा स्पष्ट गरको छ । कथाको यस प्रसङ्गलाई तल प्रस्तुत गरिन्छ :

> प्रभाले आँखाबाट झरझर झार्दै भनी,"सबैलाई ठीक छ दाइ ।" सुक्क सुक्क रुन थाली
>
> ए किन रुन थालेकी ? दाइ मलाई सुखशान्ति छैन । मनमा पिरै पिरको थुप्रो छ घरमा आउनुस्   न म सबै भन्छु । (पृ.३६)
>
> एक दिन मौका पारी प्रभाले विनोदको मोबाइलमा फोन गरी, आफू कष्ट सहन नसक्ने भनी आत्महत्या गर्ने कुरा गरी ।
>
> विनोदले भन्यो, किन आत्महत्या गर्ने ? तिमीलाई पिटेको दिन पुलिस थानामा गई उजुर गर ।   (पृ.३६)

माथिको कथांशले अशोकले आफ्नी कान्छी श्रीमती प्रभालाई निकै दबाब र तनाबमा बाँच्न बाध्य पारेको कुरा पुष्टि गर्छ । साथै प्रभा उसको मानसिक तनाब खप्न नसकेर आत्महत्या गर्ने मानसिकता बनाउँछे तर दाजु विनोदको प्रेरणाका कारणले पछि ऊ अशोकको दमनका विरुद्ध उभिने साहस गरी अगाडि बढको कुरा कथांशको दोस्रो प्रसङ्गले पुष्टि गर्छ ।

यसरी यस कथामा लैङ्गिक आधारमा भएको दमन सशक्त रूपमा आएको देखिन्छ । यस कथाको प्रमुख पात्र अशोकले आफ्नी कान्छी श्रीमती प्रभालाई निकै दबाब र तनाबमा बाँच्न बाध्य पारेको र प्रभाले  मानसिक तनाब खप्न नसकेर आत्महत्या गर्ने मानसिकता बनाएकी छ तर दाजु विनोदको प्रेरणाका कारणले पछि ऊ अशोकको दमनका विरुद्ध उभिने साहस गरेकी छ । यसमा राधा र प्रभाले अशोकबाट भएका थिचोमिचोलाई सहेर बसेको तर प्रभाले अति भएपछि सहन नसकेर कानुनी उपचारका माध्यमबाट अशोकलाई दण्डित गरेकी छ । त्यसैले यस कथाले लैङ्गिक आधारमा हुने दमनका विरुद्ध सङ्घर्ष गर्नुपर्छ भन्ने चेतना जागृत गरेको पाइन्छ ।

**नारी अस्तित्व र पहिचानसम्बन्धी चेतना**

नारी हुनुको भाव वा अर्थलाई नै नारी अस्तित्व र पहिचान भनिन्छ । पुरुषप्रधान समाजमा नारीले भोगेका र भोग्न परेका अत्याचार, पुरुषकी भोग्या र खेलौना बन्नुपर्ने बाध्यता, कृतिमा विविध भूमिका एवम् नारीअस्मिताको खोजी आदि नारीचेतना अन्तर्गत पर्दछन् (ढकाल, २०७० पृ.१८९) । यस्तो समाजमा नारीको अस्तित्व र पहिचानलाई नामेट पारिएको हुन्छ । उनीहरू हुनु र नहुनुको कुनै अर्थ हुँदैन । पहिचान त्यस्तो अवधारणा हो जसले आफ्ना अनुभवहरूको आदान प्रदान गर्नेगरी समूहहरूलाई एकै ठाउँमा जोड्ने काम गर्दछ (भट्टराई, २०७८ पृ.१४० मा उद्धृत) । लैङ्गिक विभेदयुक्त समाजमा नारीको पहिचानलाई मेटाउने खेलमा लागेका प्रवृत्तिका विरुद्ध नारीअस्मिताको रक्षाका लागि जागृत विचार नै नारी अस्तित्व र पहिचानसम्बन्धी चेतना हो । उसले आफ्नी कान्छी श्रीमती प्रभाको अस्तित्वलाई स्वीकार गरेको छैन बरु उसले प्रभालाई बच्चा जन्माउने मेसिनको रूपमा चित्रण गरेको छ । कथाका यी प्रसङ्गहरूलाई तल प्रस्तुत गरिन्छ :

> भित्र कोठा राधाको थियो । अशोक पनि त्यहीँ कोठामा सुत्थ्यो । बाहिर कोठा आमा छोरालाई बनाइदिएको थियो । ...उनलाई सहनै नसक्ने रिस उठ्न थाल्यो । अनि अशोकलाई भनिन्, "मलाई स्वास्नीको अधिकार दिने विचार नभएकाले किन बिहे गरेर ल्याएको ? मेरो पनि लोग्नेसँग बस्ने इच्छा हुन्छ नि । आफ्नै जेठी स्वास्नीसँग बस्ने मलाई अन्याय गर्ने ?"(पृ.३४-३५)

> मैले स्वास्नीको अधिकार माग्दाखेरि तँ केको मेरी स्वास्नी ? तँ मेरो बच्चा पाउने भाँडो मात्र हो । बच्चा पायो भाँडो सकियो । घरबाट निस्की भनेर धम्की दिन्छ । मेरो दाइ भेटेपछि मलाई साहस आयो र पुलिसथानामा रिपोर्ट गर्न त्यसैले आएकी हुँ । (पृ.३५)

कथाका प्रस्तुत प्रसङ्गहरूले पुरुषप्रधान समाजमा पुरुषले महिलालाई महिलाको रूपमा सम्मान दिनुको सट्टा महिलालाई मानिसको रूपमासमेत नहेरी बच्चा जन्माउने भाँडोको रूपमा लिन्छन् अनि त्यसलाई आवश्यक पर्दा प्रयोग गर्छन् र आफ्नो स्वार्थ पूरा भएपछि फाल्छन् भन्ने कुरा गरेको र प्रभाले त्यसका विरुद्ध कानुनी लडाइँ लड्ने साहस गरेको देखिन्छ । त्यसैले त्यस्ता पितृसत्तात्मक सोचका विरुद्ध यहाँ नारी अस्तित्व र पहिचानका लागि महिलाले कडा सङ्घर्ष गर्न आवश्यक छ भन्ने चेतना जागृत भएको पाइन्छ ।

### यौनशोषण र महिला हिंसासम्बन्धी चेतना

महिलाको इच्छा विपरीत गरिने यौन सम्बन्ध हिंसा, बलात्कार, छाडा बोली, हातपात, अनैतिक कियाकलाप आदिलाई यौनशोषण र महिलाहिंसा भनिन्छ । नारीलाई जबरजस्ती भोग्य वस्तुका रूपमा उपभोग गर्ने परिपाटीको विरोधमा महिलाहरू नै सकिय रूपमा लाग्नुपर्छ भन्ने विचारलाई यौनशोषण र महिला हिंसासम्बन्धी चेतना भनिन्छ (अर्याल, २०७६ पृ.५९) । *अपूर्णता* कथामा यौनसम्बन्धलाई महिला र पुरुष दुवैको आवश्यकतामा भन्दा पनि यसलाई पुरुषको स्वार्थमा मात्र प्रयोग गरेको देखिन्छ भने उसले आफ्नो स्वार्थ पूरा भएपछि महिलालाई अपहेलना गर्ने, कुटपिट गर्ने गरेको प्रसङ्ग पनि उल्लेख गरिएको छ । त्यसलाई निम्न लिखित रूपमा हेर्न सकिन्छ :

> यस्तै भनाभनमा तँतँ र मम पनि भयो विनोदलाई आफ्नो घरबाट जा भन्दै चर्को स्वरमा कुर्लियो अशोक । हामी लोग्नेस्वास्नीको बिचमा बोल्ने तँ को होस् भनेर हप्कायो पनि ।
>
> त्यस रात प्रभालाई घरको कुरा किन बाहिर भनिस् भनेर अशोकले चुट्नसम्म चुट्यो । हात हाल्न मात्र बाँकी थियो, त्यो पनि त्यहीँ दिनदेखि सुरु भयो । (पृ.३७)
>
> पुलिसले हप्कायो, “स्वास्नी भन्दैमा कुट्न पाइन्छ ?”
>
> किन नपाउने मेरो स्वास्नी हो । स्वास्नी भन्दैमा जे पनि गर्न पाउँछ त ? कानुनले पाउँदैन । ऊ पनि एक मानव हो नि । । (पृ.३७)
>
> मैले स्वास्नीको अधिकार माग्दाखेरि तँ केको मेरी स्वास्नी ? तँ मेरो बच्चा पाउने भाँडो मात्र हो । बच्चा पायो भाँडो सकियो । घरबाट निस्की भनेर धम्की दिन्छ । मेरो दाइ भटेपछि मलाई साहस आयो र पुलिसथानामा रिपोर्ट गर्न त्यसैले आएकी हुँ । (पृ.३५)

उपर्युक्त कथांशमा अशोकले प्रभालाई बच्चा जन्माउन प्रयोग गरेको र छोरो जन्मिइसकेपछि उसलाई कुटपिट गरेको छ । प्रभाले स्वास्नीको अधिकार माग्दाखेरि तँ मेरी स्वास्नी होइन बच्चा जन्माउने भाँडो हो र त्यसको काम सकियो भनेर घरबाट निकाल्ने प्रयत्न गरेको छ तर प्रभाले दाजु विनोदको प्रेरणाले पुलिसथानामा रिपोर्ट गरी अशोकलाई थुनाएकी छ । यस प्रसङ्गले कथामा यौनशोषण र महिला हिंसाको चरम नमूना प्रस्तुत गरी त्यसका विरुद्ध प्रतिकार गर्नुपर्ने चेतना निर्माण गरेको पुष्टि हुन्छ । यसरी यस कथामा पितृसत्ताले महिलालाई स्वतन्त्रता र अधिकार दिन चाहन्न र महिलालाई सधैं भोगको साधन र बच्चा जन्माउने कारखाना बनाएर राख्न चाहन्छ । यदि महिलाले आफ्नो अधिकारको कुरा गरे भने कुटपिट गरेर घरबाट निकाल्न उद्दत हुन्छ भन्ने कुरा देखाई यौनशोषण र महिला हिंसामा लाग्ने व्यक्तिलाई दण्डित गर्नुपर्ने विचार अभिव्यक्त भएको पाइन्छ ।

### वर्गीय विभेदसम्बन्धी चेतना

वर्गका आधारमा मानिसमानिसका बिच गरिने भेदभावपूर्ण व्यवहारलाई वर्गीय विभेद भनिन्छ । वर्गीय भेदभाव लिङ्ग, जाति, धर्म, क्षेत्र, सम्प्रदाय सबैमा हुन्छ । यस किसिमको विभेद नारी र पुरुष दुवैमा हुन्छ तर यसको पीडा पुरुषलाई भन्दा नारीलाई दोब्बर हुने गर्छ । यसको अर्थ निम्न वर्गीय नारीहरू एकातिर आर्थिक हिसाबले पुरुष सरह विभेदमा परेका हुन्छन् भने अर्कातिर पितृसत्ताले सृजना गरेको लैङ्गिक विभेदका कारण दोहोरो विभेदमा परेका हुन्छन् (अर्याल, २०७६ पृ.६५-६६) । यस किसिमको दोहोरो विभेदका कारण नारीहरू दोहोरो समस्यामा परेका हुन्छन् भन्ने विचार जागृत गर्नु यस सन्दर्भमा वर्गीय विभेदसम्बन्धी चेतना हो । *अपूर्णता* कथामा यस किसिमको विभेदको पनि चित्रण गरिएको पाइन्छ । यस कथामा अशोकले

आफ्नी कान्छी श्रीमती प्रभालाई रातादिन कुरूपी र गरिब भनेर घृणा र अपमान गरेको पाइन्छ । यसलाई निम्न लिखित रूपमा प्रस्तुत गर्न सकिन्छ :

> प्रभाले दारा किटेर बोली, "रातोदिन मलाई कुरूपी र गरिब भनेर अपमान गर्छ यसले । आफ्नी जेठी स्वास्नीलाई मात्र माया गर्छ । उनैसँग मात्र सुत्छ ।" मैले स्वास्नीको अधिकार माग्दाखेरि तँ केको मेरी स्वास्नी ? तँ मेरो बच्चा पाउने भाँडो मात्र हो । बच्चा पायो भाँडो सकियो । घरबाट निस्की भनेर धम्की दिन्छ । मेरो दाइ भटेपछि मलाई साहस आयो र पुलिसथानामा रिपोर्ट गर्न त्यसैले आएकी हुँ । (पृ.३५)

माथिको कथांशमा अशोकले आफ्नी कान्छी श्रीमती प्रभालाई कुरूपी र गरिब भनेर गरेको घृणा र अपमानको प्रसङ्ले यस कथामा रहेको वर्गीय विभेदलाई पुष्टि गरेको देखिन्छ । यहाँ प्रभा गरिब नारी भएको हुनाले दोहोरो दमनमा परेको देखिन्छ तर उसले यो विभेद र अपमानलाई सहेर नबसी पुलिसथानामा रिपोर्ट गरेर उसलाई थुनाएर दण्डित गरेकी छ । यसबाट प्रस्तुत कथाले वर्गीय विभेदसम्बन्धी चेतना जागृत गरेको पुष्टि हुन्छ ।

## निष्कर्ष

*अपूर्णता* कथाका लेखक जलेश्वरी श्रेष्ठ हुन् । उनी मूलतः यथार्थपरक र नारीअस्तित्त्वका कथा लेख्ने नारी कथाकार हुन् । उनका कथामा समाजमा नारीमाथि हुने विभिन्न खालका शोषण र विभेदका विरुद्ध आवाज उठाइएको पाइन्छ । यस कथामा प्रखर रूपमा नारीचेतना प्रस्तुत भएको पाइन्छ । यसमा पितृसत्ताका कारणले पुरुषलाई स्वतन्त्र ढङ्गले हिँडडुल गर्न, खान, पिउन र मोजमस्ती गर्नसमेत छुट दिएको तर नारीहरू भने थुनिएर बस्नु परेको साथै धार्मिक मान्यताका आडमा पितृसत्ताले पुरुषलाई बहुविवाह गर्न उक्साएर महिलामाथि विभेद गरेको र छोरा हुनै पर्छ भनेर छोरा र छोरीप्रति भेदभावको भावना जन्माएको कुरा स्पष्ट पारिएको छ । त्यति मात्र होइन पुरुषले घरभित्रका काममा ध्यान दिन नपर्ने तर महिलाले भने घरभित्रका काम र बच्चा जन्माउने, तिनको स्याहार सुसार गर्न पर्ने भएकाले महिला पछाडि पर्न परेको यथार्थलाई पनि प्रस्तुत गरी यस किसिमका विभेदहरूको अन्त्य गर्नपर्ने कुरा पनि व्यक्त गरिएको छ । यस कथामा लैङ्गिक आधारमा भएको दमन सशक्त रूपमा आएको देखिन्छ । यसमा राधा र प्रभाले अशोकबाट भएका थिचोमिचोलाई सहन नसकेर कानुनी उपचारका माध्यमबाट अशोकलाई दण्डित गरेर हिँडेको देखिन्छ । यस कुराले लैङ्गिक आधारमा हुने दमन र विभेदका विरुद्ध डटेर सङ्घर्ष गर्नपर्छ भन्ने चेतना जागृत गरेको पाइन्छ । पुरुषप्रधान समाजमा पुरुषले महिलालाई महिलाको रूपमा सम्मान दिनुको सट्टा महिलालाई मानिसको रूपमासमेत नहेरी बच्चा जन्माउने भाँडोको रूपमा लिन्छन् अनि त्यसलाई आवश्यक पर्दा प्रयोग गर्छन् र आफ्नो स्वार्थ पूरा भएपछि फाल्छन् भन्ने कुरा पुष्टि गरेको देखिन्छ । त्यसैले यहाँ नारी अस्तित्व र पहिचानका लागि महिलाले कडा सङ्घर्ष गर्न आवश्यक छ भन्ने चेतना पनि जागृत भएको पाइन्छ । यसरी यस कथामा पितृसत्ताले महिलालाई स्वतन्त्रता र अधिकार दिन चाहन्न र महिलालाई सधैं भोगको साधन र बच्चा जन्माउने कारखाना बनाएर राख्न चाहन्छ त्यसैले यस्ता विभेदकारी चिन्तनका विरुद्ध कडा सङ्घर्ष गरी नारीअस्तित्वको रक्षा गर्नपर्छ भन्ने सशक्त विचार वा चेतना प्रस्तुत भएको पाइन्छ ।

## सन्दर्भ सामग्रीसूची

अर्याल, अम्बिका (२०७६).समकालीन नेपाली कथामा नारी चेतना. (सम्पा.ज्ञानु अधिकारी). *प्रज्ञा समकालीन नेपाली कथाविमर्श.* काठमाडौं : नेपाल प्रज्ञा–प्रतिष्ठान ।

एटम, नेत्र (२०७०). अनुराधा उपन्यासमा नारीवाद. (सम्पा.सुधा त्रिपाठी र सीता पन्थी). *नेपाली नारीवादी समालोचना.* काठमाडौं : नेपाल प्रज्ञा–प्रतिष्ठान ।

ढकाल, रजनी (२०७०). योगमाया उपन्यासमा नारीवादी चेतना. (सम्पा.सुधा त्रिपाठी र सीता पन्थी). *नेपाली नारीवादी समालोचना.* काठमाडौं : नेपाल प्रज्ञा–प्रतिष्ठान ।

त्रिपाठी, सुधा (२०६८). पाश्चात्य नारीवाद र त्यसको स्वरूप. (सम्पा. राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम). *रत्न बृहत् नेपाली समालोचना* (सैद्धान्तिक खण्ड). काठमाडौं : रत्न पुस्तक भण्डार ।

प्रतीक्षा, साधना (२०७९). लैङ्गिक समालोचनाका सैद्धान्तिक आधार र विश्लेषण. (सम्पा.राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम). *रत्न बृहत् नेपाली समालोचना (सिद्धान्त र सिद्धान्तनिष्ठ प्रायोगिक खण्ड)* काठमाडौं : रत्न पुस्तक भण्डार ।

भट्टराई, रमेशप्रसाद (२०७८). *साँस्कृतिक अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ* (दोस्रो संस्क.). काठमाडौं : भुँडीपुराण प्रकाशन ।

शर्मा, बिन्दु (२०७०). कृष्णकी कठपुतली राधा :.नारीवादी पठन (सम्पा.सुधा त्रिपाठी र सीता पन्थी). *नेपाली नारीवादी समालोचना.* काठमाडौं : नेपाल प्रज्ञा–प्रतिष्ठान ।

श्रेष्ठ, जलेश्वरी (२०७५). *फूल फुलाउने गमला.* काठमाडौं : जलरिका साहित्य प्रतिष्ठान ।